# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३ ) काठमाडौं, जेठ २९ गते २०५० साल ( अतिरिक्ताङ्क १५ (ख)


## भाग ३

### राजपरिषद्‌को सूचना

#### राजपरिषद् (कार्य व्यवस्था) नियमहरू, २०५०

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३४ को उपधारा (११) ले दिएको अधिकार प्रयोग गरी राजपरिषद्‌ले देहायका नियमहरू बनाएको छ ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "राजपरिषद् (कार्य व्यवस्था) नियमहरू, २०५०" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यी नियमहरूमा–

(क) "संविधान" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ संझनुपर्छ ।

(ख) "राजपरिषद्" भन्नाले संविधानको धारा ३४ को उपधारा (१) बमोजिम गठन भएको राजपरिषद् संझनुपर्छ ।

(ग) "सभापति" भन्नाले राजपरिषद् स्थायी समितिको सभापति संझनुपर्छ र सो शब्दले कार्यबाहक सभापतिलाई समेत जनाउँछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "सदस्य" भन्नाले संविधानको धारा ३४ को उपधारा (२) बमोजिमको राजपरिषद्को सदस्य संझनुपर्छ ।

(ङ) "सचिव" भन्नाले संविधानको धारा ३४ को उपधारा १३ बमोजिम श्री ५ बाट नियुक्त राजपरिषद्को सचिव संझनुपर्छ ।

(२) संविधानमा प्रयोग भएका तर यी नियमहरूमा परिभाषा नगरिएका शब्द तथा वाक्यांशको अर्थ संविधानमा दिए बमोजिम हुनेछ ।

## परिच्छेद–२

## बैठक सम्बन्धी व्यवस्था

३. बैठकको सूचना: (१) श्री ५ महाराजाधिराजबाट संविधानको धारा ३४ को उपधारा (४) बमोजिम राजपरिषद्को बैठक बोलाउन आदेश बक्सेपछि सचिवले प्रत्येक सदस्यलाई साधारणतया १५ दिन अगावै बैठक बस्ने मिति, समय र स्थानको उल्लेख गरी सूचना पठाउनु पर्नेछ ।

तर अपर्झट बोलाउनु पर्ने बैठकको निमित्त १५ दिनभन्दा थोरै समयावधि अगावै पनि छिटो साधनद्वारा सूचना पठाइ बैठक बोलाउन वाधा पर्ने छैन ।

(२) उपनियम (१) बमोजिमको सूचना नेपाल राजपत्रमा प्रकाशित गरिनेछ र अन्य समाचार माध्यमबाट पनि प्रसारण गर्न सकिनेछ ।

४. शपथ: (१) श्री ५ महाराजाधिराजबाट राजपरिषद्को सदस्यमा तोकिबक्सेको राजपरिवारका सदस्यहरूको शपथ श्री ५ बाट निर्धारित गरिबक्से बमोजिम मौसूफ समक्ष हुनेछ ।

(२) उपनियम (१) मा लेखिएदेखि बाहेक राजपरिषद्को बैठकमा पहिलो पटक भाग लिनु अघि सभापतिले श्री ५ समक्ष र अन्य सदस्यले सभापति समक्ष श्री ५ बाट निर्धारित गरिबक्से बमोजिमको शपथ लिनु पर्नेछ ।

५. उपस्थिति: बैठकमा आशन ग्रहण गर्नु अघि प्रत्येक सदस्यले सभामा राखिएको किताबमा उपस्थिति जनाउनु पर्नेछ ।

६. संबोधन: सदस्यहरूलाई संबोधन गर्दा सम्माननीय सदस्य भनी संबोधन गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. बैठकमा पालना गर्नु पर्ने कुराहरू : सदस्यले बैठकमा देहायका कुराहरू पालन गर्नु पर्नेछ :–

(क) सभापतिले नाम बोलाएपछि वा इशारा गरेपछि मात्र बोल्नु पर्छ ।

(ख) बैठकमा बोल्दा सभापतिलाई संबोधन गरेर मात्र बोल्नु पर्छ ।

(ग) सभापतिले अन्यथा आदेश दिएकोमा बाहेक उभिएर बोल्नु पर्छ ।

(घ) सभापतिले बैठकलाई संबोधन गरिरहेको समयमा सदस्यले आफ्नो स्थान छोडी जानु हुँदैन ।

(ङ) कुनै सदस्यले बोलिरहेको बेलामा अशान्ति गर्नु वा बैठकको मर्यादा भंग हुने वा अव्यवस्था उत्पन्न हुने कुनै कार्य गर्नु हुँदैन ।

(च) अशिष्ट, अपमानजनक वा कुनै आपत्तिजनक शब्द बोल्नु हुँदैन ।

(छ) बैठकको कार्यसंग प्रत्यक्ष रूपले सम्बन्धित विषय बाहेक अन्य विषयको पुस्तक, समाचारपत्र वा अन्य कागजपत्र पढ्न हुँदैन ।

८. निर्णायक मत दिने: बैठकमा छलफल भएको विषयमा उपस्थित सदस्यहरूको बहुमतको राय मान्य हुनेछ । मत बराबर भएमा बैठकको सभापतित्व गर्ने व्यक्तिलाई निर्णायक मत दिने अधिकार हुनेछ ।

९. निर्णयको प्रमाणीकरण: बैठकको निर्णय पुस्तिकामा राजपरिषद् स्थायी समितिको सभापतिद्वारा हस्ताक्षर भई निजले प्रमाणित गर्नेछ ।

१०. अध्ययन भ्रमण: (१) सभापतिले पदेन सदस्य बाहेक अरू कुनै सदस्यलाई कुनै जिल्लाको अध्ययन गर्न पठाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अध्ययन गर्न जाने सदस्यले राजपरिषद्को अन्य स्थानीय सदस्यहरूसँग सम्पर्क राखी आवश्यक जानकारी लिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम अध्ययन गरी फर्केपछि सो सदस्यले सभापति समक्ष प्रतिवेदन दिनु पर्नेछ ।

११. राजपरिषद्को छाप: राजपरिषद्को छाप अनुसूची १ मा तोकिएको ढाँचाको हुनेछ । आवश्यकतानुसार त्यस्तो छाप ठूलो वा सानो आकारको हुन सक्नेछ ।

१२. राजपरिषदको प्रतीक र सो लगाउने तरीका: (१) प्रत्येक सदस्यलाई अनुसूची २ मा तोकिएको ढाँचाको राजपरिषद्को प्रतीक सचिवले उपलब्ध गराउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१६७०

(२) उपनियम (१) बमोजिमको प्रतीक अनुसूची २ मा तोकिए-बमोजिम तरीकाले लगाउनु पर्नेछ ।

१३. प्रतीक लगाउनु पर्ने समारोहः राजपरिषद्को प्रतीक लगाउनु पर्ने समारोह र सो सम्बन्धमा पालन गर्नु पर्ने कुरा देहाय बमोजिम हुनेछ :–

(क) सदस्यले औपचारिक उत्सव वा समारोहमा उपस्थित हुँदा प्रतीक लगाउनु पर्नेछ ।

(ख) सदस्य नरहेको व्यक्तिले प्रतीक लगाउनु हुँदैन ।

१४. प्रमुख सचिवालय मार्फत जाहेर गर्नु पर्नेः श्री ५ का हजूरमा राजपरिषद् सम्बन्धी काम कारवाहीको जाहेरी गर्दा वा कुनै कुरामा मौसूफको स्वीकृति प्राप्त गर्नु परेमा श्री ५ महाराजाधिराजको प्रमुख सचिवालय मार्फत गर्नु पर्नेछ ।

१५. श्री ५ को सरकारसँग सम्पर्कः राजपरिषद्को लागि आवश्यक पर्ने बजेट लगायत अन्य कुराको निकासाको लागि श्री ५ को सरकारसँग सम्पर्क राख्दा सचिवले मन्त्रिपरिषद् सचिवालय मार्फत राख्नुपर्नेछ ।

१६. निर्णयको गोप्यताः सम्बन्धित पदाधिकारी बाहेक अरूको लागि राजपरिषद्को बैठकको निर्णय गोप्य रहनेछ ।

१७. खारेजीः राजपरिषद् (कार्य व्यवस्था) नियमावली, २०४६ खारेज गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची –१
(नियम ११ संग सम्बन्धित)

### राजपरिषद्को छाप




नेपाल अधिराज्यको मानचित्र "नेपाल अधिराज्य" भन्ने शब्दहरू अंकित गरी मानचित्रको ठीक माथि दोहोरो धर्काको षट्कोणको बीचमा खड्गको आधार रहनेछ र मानचित्रको मुनि "राजपरिषद्" भन्ने शब्द अंकित रहनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – २
### (नियम १२ संग सम्बन्धित)

### राजपरिषद्को प्रतीकको बनोट र सो लगाउने तरीका

१. प्रतीकको बनोटः मध्यभागमा श्रीपेच रहेको षट्कोणको तल्लो तीनकोणलाई राजपरिषद् नेपाल अंकित मीना भरेको पताकाले छोएको सुनको हुनेछ ।

२. प्रतीकको किसिमः

(क) श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानीबाट पहिरि बक्सिने प्रतीकमा षट्कोणको बीचमा ६ वटा हीरा जडेको र रातो मीना भरेको हुनेछ ।

(ख) राजपरिषद्को सदस्यमा तोकिएका राजपरिवारका सदस्यबाट पहिरि-बक्सिने प्रतीकमा रातो मीना मात्र भरेको हुनेछ ।

(ग) राजपरिषद्का अन्य सदस्यहरूले लगाउने प्रतीकमा हरियो मीना भरेको हुनेछ ।

३. प्रतीक लगाउने तरीकाः (१) प्रतीक देहाय बमोजिम लगाउनु पर्नेछः–

(क) कोट लगाएको पुरुष वा महिलाले कोटको दाहिने भाग अर्थात दाहिने तर्फको दोब्रेको कठालो (कलर) जहाँ चिरेर तलमाथि छुट्टिएको हुन्छ, त्यस चिराको तलको भागमा रहेको चुच्चोदेखि एक इन्च तल श्रीपेचको कलकी माथि पर्ने गरी लगाउने ।

(ख) महिला सदस्यले कोट नलगाई चोलो मात्र लगाएको वखत सारीको सप्कोले दाहिने कुम नछोप्ने भएमा दाहिने कुमको दुई इन्च मुनि चोलो माथि श्रीपेचको कलकी माथि पर्ने गरी लगाउने ।

(ग) महिला सदस्यले चोलो ढाकिने गरी सारीलाई सप्को वा घुम्टो पारी लगाएको भएमा खण्ड (ख) मा उल्लेख गरेबमोजिम चोलो लगाउँदा लगाउने ठाउँमै श्रीपेचको कलकी माथि पर्ने गरी सारी माथि लगाउने ।

आज्ञाले,
शशिनारायण शाह
राजपरिषद्को सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।